नेपाल सरकार

# स्वास्थ्य बिमा बोर्ड

## बबरमहल, काठमाडौं

कार्यलिय सामान तथा मसलन्द सामाग्री खरिदको लागि बोलपत्र आव्हानको सुचना

**सुचना नं. HIB-०१-०८०/८१**

प्रथम पटक प्रकाशित मिति २०८०।१०।०९

स्वास्थ्य बिमा बोर्डको कार्यालय, बबरमहलको चालु आ. व. ०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कार्यालयलाई आवश्यक पर्ने कार्यालय सामान तथा मसलन्द सामाग्री खरिद गर्नको लागि योग्यता पुगेका इच्छुक इजाजत प्राप्त फर्म, कम्पनी, सप्लायर्स (व्यवसायी) हरु बाट निम्न शर्तहरुको अधिनमा रही बोलपत्र आव्हान गरिएको छ।

१. बोलपत्रको सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र रु. ३०००।– (फिर्ता नहुने गरि) यस कार्यालयको लेखाशाखामा जम्मा गरेको सक्कल नगदी रसिद, कार्यालय सामान तथा मसलन्द सामाग्री बिक्री वितरण तथा आपूर्ति गर्न पाउने गरि नविकरण भएको इजाजत प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाण पत्र तथा आ.व. ०७९/८० को कर चुक्ता प्रमाण पत्र को प्रमाणित प्रतिलिपी वा करमा विवरण पेश गरेको कागजातको प्रतिलिपि निवेदन साथ संलग्न राखि यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

२. खरिद गरेको बोलपत्र रित पूर्वक भरि प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं. दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।दर्ता भएका बोलपत्रहरु सोही दिनको २.०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधीहरुको रोहबरमा खोलिने छ। निजहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र बिक्री गर्ने तथा दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

४. बोलपत्रदाताले कबोल गरेको दररेट अंक र अक्षरमा केरमेट नगरी प्रष्ट रुपमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ र केरमेट वा थप घट गर्नुपर्ने भएमा बुझिने गरि काटी दायाँ बाँया आधिकारीक व्यक्तिको सही र फर्मको छाप लगाएको हुनुपर्ने छ । साथै बोलपत्रको जम्मा कबोल अंक समेत अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ।

५. बोलपत्र जमानत बापत बोलपत्रदाताले बोलपत्र खोल्ने अन्तिम मितिले कम्तिमा ९० दिन म्याद भएको तपसिलमा उल्लेख भए अनुसारको रकमको बैंक जमानत (बिड बण्ड) पेश गर्नुपर्ने छ । नगद बुझाउन चाहने बोलपत्र दाताले को. ले. नि. का, त्रिपुरेश्वरको नाममा रा. बा. बैंक टेकू शाखामा यस कार्यालयको कोड नं ३७०३१३५०१ धरौटी हि.नं. १७००१००१०२०३०००० मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

६.खरिद हुने सामानहरुको म्याद कम्तीमा २ वर्ष वा Manufacturing date बाट Expiry date कम्तीमा ८०% बाँकी हुँदा स्टोरमा दाखिला हुनु पर्नेछ । सो भन्दा घटी म्याद भएका सामानहरु सडेगलेका, टुटफुट भएका, म्याद नाघेका, कमसल सामानहरु स्वीकार गरिने छैन, साथै आपूर्ति हुने सामानहरु गुणस्तर प्रमाण प्राप्त भएको हुनु पर्नेछ ।

७.आपूर्ति भएका कार्यालय सामान तथा मसलन्द सामाग्री संझौता भएको मितिले ३० दिन भित्र एकमुष्ठ वा कार्यालयको माग अनुसार आ. व. ०८०/८१ भित्र लट अनुसार सप्लाई गरि सक्नु पर्नेछ ।

कार्यकारी निर्देशक

CamScanner

८. नेपाल सरकारको हितलाई ध्यानमा राखि प्राप्त हुन आएका बोलपत्र आंशिक वा पूर्ण स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहने छ ।साथै बोलपत्र संझौता पश्चात अर्को बोलपत्र कारवाही नटुङ्गिएको अवधी सम्म थप सामान आवश्यक परेमा कबोल दररेटमा माग भएका सामानहरु आपूर्ति गर्नु पर्ने छ ।

९. बोलपत्र साथ बोलपत्रदाताले खरिद कार्वाहीमा भाग लिन अयोग्य नभएको, खरीद कार्यमा आफ्नो स्वार्थ नवाझीएको र पेशा सम्बन्धि कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा व्यक्त गरेको स्व घोषणा कागजात अनिवार्य रुपमा सही छाप भएको हुनुपर्ने छ ।

१०. आपूर्ति भएका कार्यालय सामान तथा मसलन्द सामाग्रीको गुणस्तरको चेक जाँच कार्यालयबाट गठित प्राविधिक समिति बाट हुने छ। संझौता अनुसार सामान गुणस्तरीय रहेको प्राविधिक रिपोर्ट प्राप्त भएपछि मात्र स्विकार गरि भुक्तानी गरिनेछ ।

११. रित नपुगेको, म्याद नाघी आएको, सही छाप नभएको, केरमेट भै अंक र अक्षर नबुझिएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन ।

१२. यस सूचनामा नपरेका कुराहरु बोलपत्र फारम तथा सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३), नियमावली, २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुने छ ।

| ठे. नं. | कामको विवरण | बोलपत्रको जमानत रु. | बोलपत्र दस्तुर रु. | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|
| HIB-०१-०८०/०८१ | कार्यालय सामान तथा मसलन्द सामाग्री | ६४,०००/- | ३०००/- | २०८०।११।०९ ५ बजे भित्र र २०८०/११/०९ १२ बजे भित्र दर्ता | २०८०।११।१० गते दिउसो २.०० बजे |

: कार्यकारी निर्देशक